# शुक्लागण्डकी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दुलेगौंडा, तनहुँ

गण्डकी प्रदेश, नेपाल

332F+6GG

**स्यानिटरी प्याड खरिद सम्बन्धि सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/०५**

यस शुक्लागण्डकी नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क वितरणका लागि आवश्यक पर्ने स्यानिटरी प्याड शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक फर्म/संस्था वा कम्पनी र व्यवसायीले शिलवन्दी बोलपत्र खरिदका लागि पहिलो पटक यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.सं. | दरभाउपत्र नं. | कामको बिबरण | ईस्टिमेट रकम रु भ्याट सहित | धरौटी रकम रु |
|---|---|---|---|---|
| १. | ६/२०८०/०८१ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क वितरणका लागि स्यानिटरी प्याड खरिद। | रु. १९,९९,५००।– (अक्षेरुपी उन्नाइस लाख उनान्सय हजार पाँच सय रुपैया मात्र) | रु. ५००००।– (पचास हजार मात्र)। |

**शर्तहरुः**

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८०/८/१९) कार्यालय समय भित्र रु. १००० फिर्ता नहुने गरि यस कार्यालयमा नगद बुझाएको नगदि रसिद वा नगरपालिकाको एन.आई.सि.एसिया बैङ्क, दुलेगौंडा शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १०३२०५३४९८६५३००९ मा जम्मा गरेको सक्कल बैक भौंचर निवेदन साथ संलग्न राखी कार्यालय समय भित्र दरभाउपत्र दाता वा निजको आधिकारीक प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ। खरिद भएका दरभाउपत्रहरु १६ औं दिन दिउसो १२:०० बजे भित्र शुक्लागण्डकी नगरपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ। दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सोही दिनको दिउसो २:०० बजे खोलिने हुँदा सो समयमा दरभाउपत्र दाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्ने छ। उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

२. दरभाउपत्र दर्ता गर्दा **स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६** को अनुसूचि १ (संसोधन सहित) मा उल्लेखित स्यानिटरी प्याडको प्याकेटको नमूना अनिवार्य पेश गर्नुपर्ने छ। पेश गरेका स्यानिटरी प्याडको नमुना अनुसूचि १ मा उल्लेखित मापदण्ड, स्पेशिफिकेशन अनुसार नभएमा मुल्याङ्कनमा समावेश गरिने छैन।

३. स्पेसिफिकेसन/

| क्र.सं. | विवरण | परिणाम | साइज | कैफियत |
|---|---|---|---|---|
| १. | स्यानिटरी प्याड | ८ पिस प्रति प्याकेट | २८० mm न्यूनतम | स्यानेटरी प्याड वितरण तथा व्यवस्थापन निर्देशिका २०७६ को दफा ३ को उपदफा ४ को ३ नं. बुँदामा न्युनतम size 240 ±20mm भएकोमा २८० हुनुपर्ने। |
| अन्य नेपाल सरकारको स्यानेटरी प्याड वितरण तथा व्यवस्थापन निर्देशिका २०७६ अनुसुची १ को दफा ३ उपदफा ४ मा उल्लेख भएको मापदण्ड बमोजिम | | | | |

४. ईच्छुकले नेपाल सरकारवाट स्यानिटरी प्याड बिक्री वितरणका लागि प्राप्त ईजाजत प्रमाणपत्र, कम्पनि दर्ता प्रमाण पत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र र सरकारी कार्यालयमा काम गरेको अनुभवको प्रमाण पत्र लगायत आवश्यक प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संलग्न गर्नुपर्नेछ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने वा खोलिने दिन बिदा परे सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

सरस्वती पुन
अधिकृत छैटौं

प्रमुख प्रशासकीय अधिकृत

६. शिलवन्दी दरभाउपत्र शर्त रहित भएको, केरमेट नभएको र कार्यालयले उपलब्ध गराएको दरभाउपत्र फारममा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ ।

७. दरभाउपत्रदाताले बिड बण्ड बापतको रकम र तोकिएको धरौटी रकम यस कार्यालयको एन.आई.सि.एसिया बैङ्क, दुलेगौंडा शाखामा रहेको धरौटि खाता नं. A३४१४९८६५३५२४००४ मा जम्मा गर्नुपर्नेछ ।

८. समयभित्र प्राप्त नभएका र रित नपुगेका तथा सूचनाका शर्तहरु विपरित भएको दरभाउपत्र माथि कारवाही हुनेछैन ।

९. दररेट अङ्क र अक्षर दुबैमा उल्लेख गर्नुपर्ने छ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. प्रचलित ऐन नियमानुसार लाग्ने सम्पूर्ण कर सम्बन्धित फर्म/संस्था वा कम्पनी र व्यवसायी स्वयंले व्यहोर्नु पर्नेछ ।

११. नगरपालिकाको कार्यालय सम्मको ढुवानी सम्बन्धित फर्म/संस्था वा कम्पनी र व्यवसायी स्वयंले व्यहोर्नु पर्नेछ ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन-२०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित नियम कानुन अनुसार हुनेछ ।

१३. शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने /नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१४. यस सम्बन्धी थप अन्य कुरा बुझ्न आवश्यक परेमा कार्यालयको वेवसाईट munshuklagandaki.gov.np मार्फत जानकारी लिन सकिनेछ ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

O/C

सरस्वती पुन
अधिकृत छैटौं

प्रमुख प्रशासकीय अधिकृत